# 'ऋतु रङ्ग'मा रङ्गिएका गोपाल

आभास

सङ्गीतका सचेत श्रोताका निम्ति गोपाल योञ्जन मात्र 'गोपाल योञ्जन' जस्ता सर्जक हुन् । उनमा रहेको मौलिकता अथवा स्वः पहिचान बोध नै उनको विशेषता हो । गोपाल योञ्जनको साङ्गीतिक साहित्यले नेपाली शीर जहिले पनि उँचो पारेको छ । आफ्नै पुस्ताले जग हालेको नेपाली मौलिक आधुनिक सङ्गीतको शैलीलाई गोपाल योञ्जनले आफ्ना समकालिनहरुले भन्दा पृथक् ढङ्गले स्थापित गराए । उनको पक्का नेपाली मौलिकताले सामान्य र विशिष्ट दुबै खाले श्रोतालाई एकसाथ प्रभावमा पार्न सक्छ । विश्व प्रसिद्ध सिने निर्देशक सत्यजीत रे ले आफ्नो सिनेमा 'कञ्चनजङ्घा'मा गोपाल योञ्जनलाई साङ्गीतिक सहकर्मी बनाउनु उनको यही प्रभावशाली साङ्गीतिक व्यक्तित्वको प्रभाव हो ।

यिनै सुप्रसिद्ध गोपाल योञ्जनले सिर्जना गरेका मौलिक धुनहरुको संग्रह हो 'ऋतु रङ्ग' । पूर्वीय शास्त्रीय शैलीमा काल वा प्रहरलाई आधार मानेर सङ्गीत सिर्जना गर्ने परम्परा छ । 'ऋतु रङ्ग' मा त्यो शैलीको छनक त छ । तर पूर्वीय शास्त्रीय सङ्गीत भन्नासाथ भारतीय वा हिन्दुस्थानी सङ्गीत भनेर विश्वभरि प्रचारित र स्थापित छ । शास्त्रीय सङ्गीतको शैली दक्षिण एसियाकै साझा शैली हो । यसलाई परापूर्व कालदेखि यो क्षेत्रमा अवस्थित सबै देशका कलाकारहरुले आराधना र ध्यानको माध्यम बनाएका छन् । नेपालका अनगिन्ती कलाकारहरु पनि शास्त्रीय सङ्गीतमा साधनारत् छन् । तर विश्वस्तरमा हाम्रा शास्त्रीय कलाकारहरुले गर्नुपर्ने जति उच्चता हासिल गरिसकेका छैनन् । त्यसैले यो शैलीबाट हामीले हाम्रो पहिचान बनाउन सकेका छैनौं ।

गोपाल योञ्जनको सङ्गीतकर्मलाई सुक्ष्म ढङ्गले मनन गर्‍यो भने उनी त्यही आफ्नो पहिचान खोज्ने खोजमा क्रियाशील साधक हुन् भनेर किटान गर्न सकिन्छ । उनी सङ्गीतका माध्यमबाट नेपालीको साझा मुहारको रेखाङ्कन गर्न रुचाउने चित्रकार हुन् । त्यो साझा मुहार कोर्नका लागि गोपाल योञ्जन विविध नेपाली लोक रङ्गलाई सुन्दर ढङ्गले समिश्रण गर्न रुचाउछन् । आफूमा रहेको शास्त्रीय र पश्चिमी शैलीको ज्ञानका बीचमै पनि उनी लोक र परम्परागत रङ्गमै खेल्न बढी रमाउछन् । 'ऋतु रङ्ग' भित्रका हरेक रचना सुन्दा यस्तै अनुभूति हुन्छ । उनी आफ्ना रचनामा नेपाली पन भर्न, हाम्रो केबल हाम्रो भनेर दावी गर्न मिल्ने साङ्गीतिक मुर्च्छनाहरु खेलाउछन् ।

नेपाली जातीय सँस्कृति भित्रको साङ्गीतिक विधिता र बहुलताले गर्दा हाम्रो सङ्गीत निक्कै धनी छ । यस भित्रैको सङ्गीतमा हाम्रो पहिचान छर्लङ्गिन्छ पनि । यो कुरालाई गोपाल योञ्जनले मनन गरेरै हुनु पर्छ, उनले उपत्यकाको नेवारी शैलीलाई अपनाउदा होस् या पहाडी स्वरलहरीलाई व्यक्त्याउदा होस्, तिनको मौलिकतालाई निकै होसपूर्वक सम्हाल्दै चलाएका छन् । विश्वभरि चल्ने सङ्गीतको सर्वमान्य पद्धतिलाई पनि अङ्गालेका छन् गोपाल योञ्जनले तर अहिले संसारभरि 'फ्युजन'को नाममा चलेको 'हल्काफुल्का' वादबाट भने उनका रचना पूर्णरुपले मुक्त छन् । रचना भित्रको गाम्भीर्यलाई हरदम कायम गर्न सक्नु उनी भित्र रहेको सहज खुबी हो ।

नेपाली जातीय साङ्गीतिक धारमा पनि नेवारी सङ्गीतमा धेरै विविधता छ । नेवारी परम्परामा पर्वै पिच्छे बज्ने धुनहरुमा ऋतुहरुलाई प्रष्ट्याउने आफ्नै कथानक सिलसिला छ । 'ऋतु रङ्ग'मा गोपाल योञ्जनले अभिव्यक्तिको त्यही नेवारी शैलीलाई मूल आधार बनाएका छन् । मुख्य रचना 'ऋतु रङ्ग' बाहेक 'काठमाण्डु' शीर्षकको रचनामा पनि उनले यही शैलीको रङ्ग संयोजन गरेका छन् । त्यस्तै 'शेलो'मा तामाङ् जातिको साङ्गीतिक अलङ्कार र 'सगरमाथा' मा चाहिँ उच्च हिमाली भेगमा प्रयोग हुने स्वर अलङ्कारको माला उनेका छन् गोपाल योञ्जनले ।

'ऋतु रङ्ग' गोपाल योञ्जनले वर्षौं पहिले तयार गरेका रचनाहरुको सङ्ग्रह हो । गोपालले यी रचनाहरु साधारण रेकर्डमा अङ्कित गराएर छाडेका थिए । अहिले तिनै रचनाहरु आधुनिक प्रविधिमा फेरि रेकर्ड भएर बाहिर आएका छन् । गोपाल योञ्जनका रचनाहरुलाई यसरी नवजीवन दिन क्रियाशील रिञ्छेन योञ्जनको जाँगर प्रकाश गुरुङ्को सदाशयता र इको हिमालको सद्भाव स्तुत्य छ । 'ऋतु रङ्ग'मा रहेका गोपाल योञ्जनका साङ्गीतिक रचना सुनिरहँदा यस्तो पनि लाग्छ- यस्तै जाँगरिला र सदाशयी भावना लिने कसैले नेपालमा 'राष्ट्रिय अर्केष्ट्रा' को स्थापना गरे र त्यो 'अर्केष्ट्रा'ले गोपाल योञ्जन जस्ता सर्जकहरुको सिर्जना बजाउदै गरेको सुनेर प्रत्यक्ष आनन्द लिन पाए कति सुन्दर हुन्थ्यो ।